# गलकोट नगरपालिका विद्यायन समितिको प्रतिवेदन -२०८२

स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहन्छ। गाउँ सभा र नगर सभाले संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिमका अधिकार सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को  परिच्छेद ५ दफा २२ मा नगर सभाले आफ्नो कार्यप्रणालिलाई व्यवस्थित गर्न नियमावली बनाई नगर सभा सदस्यको संयोजकत्वमा विद्यायन समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ।  त्यस अनुरूप विद्यायन समिति गठन भई क्रियाशिल रहँदै आएको छ। आफ्नो कार्यक्षेत्रभित्र पर्ने सम्बन्धित निकाय सँग विधेयक उपर दफाबार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने, स्थानीय सरकार, अन्य निकायसँगको नीति कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यकता अनुसार निर्देशित गर्ने, नगर सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाईएका ऐन, नियम तथा संविधानमा उल्लेख भए अनुसार आवश्यक अनुगमन, पुनरावलोकन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने कार्य गर्दै आईरहेको छ। त्यसैगरी गण्डकी प्रदेश स्थानीय तहको सभा सञ्चालन ऐन २०७५ को दफा ३४ बमोजिम गठन भएको विद्यायन समितिले यस आर्थिक वर्षमा सम्पादन गरेका उल्लिखित क्रियाकलापको  प्रतिवेदन यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु।

**विद्यायन समितिले  यस आर्थिक वर्षमा सम्पादन गरेका कार्यहरू:**

- यस आर्थिक वर्षमा समितिको काम कर्तव्य र अधिकारको बारेमा संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहमा विद्यायन समितिको काम कारबाही र प्रक्रियाको बारेमा विभिन्न माध्यमबाट अध्ययन तथा छलफल गरिएको।
- नगरपालिकाको कानुन निर्माण प्रक्रियालाई थप व्यवस्थित बनाउन विभिन्न समितिहरूसँग औपचारिक तथा अनौपचारिक छलफल तथा अन्तरक्रिया गरिएको।
- नगरपालिकाको कामको प्रकृति अनुरूप कानुनको मस्यौदा तयारी, आवश्यक कानुन नगरसभामा पेश गर्ने विधि, कानुन विषयमा दफाबार छलफल गरिएको। यस आर्थिक वर्षमा निम्न ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरू पारित भई कार्यान्वयनको चरणमा रहेका छन्।
    - दीर्घकालीन सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाको लागि सम्मान्जनक विदाई गर्ने सम्बन्धी कार्यविधि, २०८१
    - उत्पादनमा आधारित अनुदान सञ्चालन कार्यविधि, २०८१
    - हलगोरु पालन तथा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
    - फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१
    - घरपालुवा तथा छाडा कुकुर व्यवस्थापन कार्यविधि, २०८१
    - जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि पहिलो संशोधन, २०८०
    - गलकोट नगरपालिकाको नगर प्रहरी ऐन, २०८१
    - गलकोट नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी नियमावली, २०८१

    **मस्यौदा विधेयक र नियमावली**

    - गलकोट नगरपालिका स्थानीय न्यायिक समिति (कार्यविधि सम्बन्धी) पहिलो संशोधन मस्यौदा विधेयक, २०८२
    - गलकोट नगरपालिका स्थानीय न्यायिक समिति (कार्यविधि सम्बन्धी) नियमावली, २०८२
    - गलकोट नगरपालिका  मेलमिलाप सम्बन्धी विधेयक, २०८२
    - गलकोट नगरपालिका मेलमिलाप सम्बन्धी नियमावली, २०८२

नगरपालिकाको लागि आवश्यक कानुन निर्माण गर्दा देहाय बमोजिमको प्रक्रिया पुर्याउनुपर्ने व्यवस्था रहेको छ।

- संविधान बमोजिम आफ्नो अधिकार क्षेत्रको विषयमा सभाले कानुन बनाउन सक्ने,
- कानुन निर्माणमा विचार गर्नुपर्ने र आवश्यकताको पहिचान गर्नुपर्ने ,
- कानुन निर्माणको लागि समिति  गठन गर्नु पर्ने,
- कार्यापलिकाबाट विधेयकको मस्यौदा स्वीकृत गर्ने,
- विधेयक पेश हुने दिन भन्दा दुई दिन अगावै प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराउनुपर्ने,
- विरोधको सूचना,
- विधेयकमा संशोधनका लागि समय दिने,
- विधेयकमा दफाबार छलफल,
- विधेयक समितिमा छलफल,
- समितिको प्रतिवेदन सभामा छलफल,
- विधेयक माथि सभामा छलफल,
- विधेयक पारित गर्ने  प्रस्ताव सभामा निर्णयार्थ पेश गर्ने,
- विधेयक प्रमाणितको लागि अद्यावधिक प्रति तयार गर्ने,
- विधेयकको प्रमाणीकरण र प्रकाशन,
- विधेयक दर्ता तथा अभिलेख राख्ने,
- स्थानीय कानुनको एकीकृत र अद्यावधिक अभिलेख राख्नुपर्ने।

उक्त कार्यजिम्मेवारी अनुसार हाल सम्म ३९ वटा ऐन, ९  नियमावली,  ६० कार्यविधि / निर्देशिका  र ५ वटा मापदण्ड तथा आचारसंहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। कानुन नगरसभाबाट पारित गरी प्रमाणीकरण पश्चात् अद्यावधिक गरी वेवसाईटमा राख्ने काम नियमित भैरहेको छ।

**सबल पक्ष :**

- स्थानीय तहका विभिन्न क्षेत्रका काम कारबाहीहरू अगाडी बढाउन सहज भएको,
- कानुनी साक्षरताबारे जनप्रतिनिधिहरूमा सचेतना वृद्धि भएको,
- कानुन निर्माणलाई व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको कानुनी मार्गदर्शन प्राप्त भएको,
- थोरै जनशक्तिका बीच पनि अधिकांश कानुन  निर्माण भएको,
- निर्माण भएका कानुनहरू राजपत्रमा प्रकाशन भई वेवसाईट मार्फत सार्वजनिक भएको,
- आवश्यक कानुन निर्माण गर्नुपर्छ भन्ने चासो जनप्रतिनिधिहरुमा वृद्धि भएको,

समग्र नगरपालिकाको कानुन निर्माण प्रक्रियामा सुधार गरी प्रभावकारीता वृद्धि गर्न देहाय बमोजिमका सबल पक्षहरु प्रस्तुत गरिएको छ।

**सुधार गर्नुपर्ने पक्ष :**

- निर्माण भएका कानुनमा देखिएका कमजोरीहरू सुधार गरी कानुन संशोधन गर्नुपर्ने।
- गलकोट नगरपालिकाका विद्यमान कानुनहरूको अध्ययन गरी आवश्यकता अनुसार परिमार्जन गर्नुपर्ने।
- कानुन निर्माण सम्बन्धी प्रक्रियाको बारेमा सबै जनप्रतिनिधिहरुलाई क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने।

- जनप्रतिनिधि र कर्मचारीहरूको आचारसंहिता कडाईका साथ कार्यान्वयनमा ल्याउनुपर्ने ।
- नगरसभाका समितिहरूलाई सक्रिय बनाई कानुन निर्माणमा देखिएका कमजोरीहरु सुधार गर्नुपर्ने ।
- निर्मित कानुनहरूको व्यवस्थित अभिलेख तयार गरी सूचना तथा अभिलेख केन्द्रमा व्यवस्थापन गर्नुपर्ने ।
- माथि उल्लिखित सुधारगर्नुपर्ने पक्षहरु ग्रहण गर्दै तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

**अन्त्यमा,**

यो प्रतिवेदन विद्यमान कानुनी व्यवस्थाको कार्यान्वयन गरी नगरपालिकाको कानुन निर्माणलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि तयार गरिएको हो । प्रतिवेदनमा उल्लिखित सबल पक्षमा निरन्तरता एवम् कमिकमजोरीको क्रमशः सुधार गर्दै समितिहरूको कार्यलाई पनि प्रभावकारी बनाउँदै जानुपर्ने देखिन्छ । यस प्रतिवेदन तयार पार्नको लागि सहयोग पुर्याउनुहुने समितिका पदाधिकारीज्यू, कर्मचारी मित्र लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा समेत यस्तै सहयोगको अपेक्षा सहित यो प्रतिवेदन सम्मानित सभामा पेश गरेको छु ।

**धन्यवाद ।**

<u>**प्रतिवेदक**</u>
राम प्रसाद कंडेल
संयोजक, विद्यायन समिति
गलकोट नगरपालिका, गलकोट, बागलुङ ।